Received Date: Jan. 2022 Revised: Feb. 2022 Accepted: Mar. 2022

# वैदिक सभ्यता र बौद्ध धर्ममा नारीहरूको तुलनात्मक स्थिति

डा. ज्योति उपाध्याय
विभागीय प्रमुख इतिहास विभाग
सरस्वती क्याम्पस त्रि.वि.
Email: jupadhyaya25@gmail.com

**लेखसार**

*सिद्धार्थ गौतमले बोधिज्ञान प्राप्त गरेपछि शाक्यमुनी बुद्ध बनेर विभिन्न मार्ग विकसित गर्ने क्रममा बढ्दासम्म पनि नारीलाई धर्म देशना गर्ने मार्ग खोलेका थिएनन् । ज्ञान प्राप्ति मार्गमा रहँदा भोकै बसेर मृत्युको मुखमा पुग्ने अवस्था हुँदा पनि सफलता नपाएपछि सुजाता नामक कन्याले दिएको पायस ग्रहण गरेर उरुबेलास्थित पिपल वृक्षमुनी बसेर थालेको ध्यान क्रममा आर्य सत्यहरूको साक्षात्कार सम्भव भएर शाक्यमुनी बुद्ध बनेपछि नारीप्रतिको धारणामा क्रमिक परिवर्तन हुँगै गएको थियो । त्यसपछि विस्तारै बौद्ध संघमा स्थान पाउन थालेका भिक्षुणीहरूले पनि आफ्ना संघ बनाएर मानसिक शान्ति एवं बौद्धिक विकासका मानक बनेर भूमिका निर्वाह गर्ने र स्थान बनाउने बाटो खुलेको हो । जसबाट वैदिक समाजमा रहेको नारीको महत्व पनि संरक्षित हुने अवस्थामा परिवर्तन आउने प्रवृत्तिसँगै बौद्ध संघमा भिक्षुणी संघलाई हेर्ने दृष्टिकोण पनि बदलिदै जान थाल्यो । अन्तमा केही मत भिन्नता उत्पन्न भए तापनि बौद्ध धर्ममा नारीहरूलाई मुक्ति प्राप्त गर्ने र स्वयंलाई संयोजित अर्थात् नियन्त्रित गरेर बढ्ने अवसर प्राप्त भयो । जसलाई नारी सशक्तीकरण तर्फको एक महत्त्वपूर्ण प्रयास पनि मान्न सकिन्छ ।*

**शब्दकुञ्जिका**: बौद्ध सभ्यता, बौद्ध दर्शन, आत्मिक ज्ञान, पितृसत्तात्मक संरचना, नारी धर्म-स्वतन्त्रता ।

**विषय प्रवेश**

नारीलाई आदि शक्ति, जगत जननी, शक्तिकी देवी, धनकी देवी, धरती माता आदि रूपमा उल्लेख गरेर पुनजनीय स्थान प्रदान गरेको हिन्दू समाजको इतिहासमा पनि केही अपवाद बाहेक नारी भूमिका स्थान बारे खासै उल्लेख भएको पाइँदैन । विश्व जगतमा मानवीय उद्भव, विकास एवं विस्तारको इतिहासबारे प्रशस्त चर्चा परिचर्चा गर्ने क्रममा नारीहरूको भूमिकालाई सामान्य स्थान दिने बाहेक खासै महत्व दिएको पाइँदैन । नारी बिना पुरुषहरूको उदभव र पुरुष बिना नारीको क्रियाशीलता नभएको यथार्थ बुझेर पनि नारीलाई मानवसृष्टिको मानकको स्थान दिनुका सट्टा कमजोर एवं अबलाका रूपमा लिएको पुरुष सभ्यताले उन्नति र प्रगतिको बाधकका रूपमा उल्लेख गरेको यत्रतत्र पाइन्छ । नारीहरू पनि पुरुषहरू सरह सामाजिक विकास र विस्तारमा साथ सहयोग दिन, समस्याहरूसँग जुध्न र जुध्ने साहस शक्ति प्रदान गर्न सक्षम छन्, हरेक क्षेत्रमा पुरुष सवलीकरणका आधार बन्न सक्दछन् भन्ने यथार्थ स्वीकार गर्न नसकेका पुरुषहरूले नै नारीहरूको अनुराग, पीडा, समर्पणलाई कमजोरी ठान्दै आएको पाइन्छ । मानव सभ्यता संस्कृति निर्माणमा नारी पुरुष एक अर्काका परिपूरक हुन् भन्ने यथार्थ बोध गरेर मानव समाजले बनाएका नीति नियम र लिङ्गमा आधारित भूमिका एवं मान्यताहरूले नारी पुरुषलाई जुन किसिमले भिन्न वा पृथक देखाएका छन् । त्यो स्तरको भिन्नता जैविक रूपमा पाइँदैन । मानवीय सभ्यतामा ब्राह्मणवाद हावी हुँदै गएर मूर्तिपूजा, बली प्रथा एवं धार्मिक प्रभुत्वयुक्त राज्य व्यवस्था प्रबल हुँदै गएको अवस्थामा सुरु भएको बौद्ध धर्मका प्रवर्तक भगवान बुद्धले नारी पुरुषलाई एक अर्काका परिपुरकका रूपमा लिएर नारी करुणा, त्यागकिप्रतिमूर्ति हुन् सम्म भनेका थिए । यसले गर्दा बौद्ध समाजमा नारी अवस्थाप्रति बृहत् चर्चा हुने स्थिति बनेको हो । जसबारे संक्षेपमा विश्लेषण गरेर बौद्ध धर्ममा नारीको स्थिति स्पष्ट गर्नु नै प्रस्तुत लेखको अभिप्राय हो ।

**तथ्य विश्लेषण**

मानव सभ्यताको उद्भवदेखि नै मानव मुनिहरूले मुक्तिको मार्गको खोजि र अनुसन्धान गर्दै आएकोले वेदरूपी ज्ञानबाट विभिन्न विचारधाराहरू विकसित र परिस्कृत भएको पाइन्छ । यस्ता विचार र ज्ञानबाट विभिन्न राज्यका राजा महाराजाहरू प्रभावित भएर ज्ञानको मार्गमा अघि बढेको उदाहरणहरू पाइन्छन् । यस किसिमको ज्ञानको प्रबाह नेपाल र भारतका विभिन्न स्थानमा विभिन्न विद्वान्हरूको जन्मले सम्भव बनाएको देखिन्छ । यस्तै सभ्यतामध्येको एउटा प्राचीन सभ्यता वर्तमान नेपालको लुम्बिनी अञ्चलको कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवाको निकट तिलौराकोटमा विकसित र परिस्कृत भएको थियो । कपिलवस्तु प्राचीन समयमा प्रसिद्ध गणराज्यको रूपमा विकास भएको थियो । तत्कालीन भागिरथी (हालको नाम वाणगङ्गा) नदी किनारमा अवस्थित कपिलवस्तुमा इ.पू. छैटौँ शताब्दीमा शाक्यहरूले राज्य गर्दथे । शुद्धोधन त्यसै गणराज्यका राजा थिए । यो राज्यमा ५०० सदस्य भएको एक सभाले निर्वाचनद्वारा राजाको छनोट गर्ने परम्परा थियो (अधिकारी, वि.सं. २०६१: १९) । करिब १० लाख जनसङ्ख्या भएको कपिलवस्तु राज्यको पावा, कुशिनगर, राजगृह र श्रावस्ती लगायतका राज्यसँग सम्पर्क थियो । यो गणराज्यका एक राजा शुद्धोधनले देवदहको कोलिय राज्यकी राजकुमारी मायादेवी र प्रजापति गौतमीसँग विवाह गरेका थिए । विवाहको लामो समयसम्म पनि उनले सन्तान सुख पाउन सकेका थिएनन् (थेरा, सन् १९८२: ७) । त्यसैले लामो समयपछि सबै राजा प्रजा मिलेर असार महिनामा एउटा महोत्सवको आयोजना गरे । एक हप्तासम्म गरिएको उक्त महोत्सवमा रानी मायादेवीलाई एकदमै आमोद, सानसौकत, सुगन्धित साधनहरूको प्रयोग गरी मनाउने चाहना जागेकाले सोही अनुसार महोत्सव सम्पन्न भयो (आम्वेडकर (क), सन् १९५७: ८) । त्यसपछि राती सपनामा बोधिसत्व प्रकट भएर पृथ्वीमा जन्मलिने इच्छा राखेको र मायादेवीको कोखबाट जन्मने अनुमति मागेर पेट भित्र प्रवेश गरेको (आम्वेडकर, सन् १९५७: १२; अमृतानन्द सन् १९९९: २) उल्लेख पाइन्छ । त्यसपछि १० महिना पूरा भएपछि रानी मायादेवीले राजा समक्ष माइतीघर देवदह जाने अनुमति मागिन् । पहिलो बच्चा माइतीघरमा जन्माउने प्रचलन अनुसार मायादेवी सुसारेहरू, सुरक्षाकर्मिहरूका साथमा देवदहतर्फहिँडेपछि बाटोमा लुम्बिनी बगैचामा केही बेर विश्राम गर्न भनी बस्ने चाहना जाग्यो । लुम्बिनी कपिलवस्तु र देवदहका यात्रीहरूले विश्राम गर्ने ठाउँ भएकाले विभिन्न फलफूलका रूखहरू सुगन्धित फूलहरू रोपेर, विश्राम गृहसहित राम्रो सफा तलाउको निर्माण गरेका थिए । मायादेवीले त्यहाँ विश्राम पछि तलाउमा स्नान गरी तलाउको पूर्वमा शाल्मली वृक्षको हाँगो समातेर नवजात शिशुलाई जन्म दिएकी थिइन् । त्यसपछि नवजात शिशु सहित सबैजना कपिलवस्तु नै फर्किए । सिद्धार्थ गौतमको जन्मको सातौँ दिनमा मायादेवीको मृत्यु भएकाले नवजात शिशुको लालन पालनको जिम्मेवारी उनकी सानी आमा प्रजापती गौतमीलाई दिइयो । उनले सिद्धार्थ गौतमलाई स्तनपान गराई सम्पूर्ण जिम्मेवारी लिएर लालन पालन गरी हुर्काउने काम गरेकी थिइन् ।

कपिलवस्तु जस्तो सम्पन्न राज्यमा जन्मलिएर सुख सयलमा हुर्किएका सिद्धार्थ गौतमको विवाह देवदहकी राजकुमारी यशोधरासँग भएको थियो । विभिन्न शास्त्र विधामा प्रतिस्पर्धा गरी विजय पाएपछि यशोधरासँग विवाह गर्न पाएका थिए । विवाह पछि सिद्धार्थलाई राहुल नाम गरेका पुत्र प्राप्त भएको थियो । दरबारको सुख सयल, पुत्रलाभ, यशोधरा जस्ती रानीसँग बस्दा पनि उनलाई कुनै किसिमको आनन्द प्राप्त भएन । उनले खोजेको सुख शान्ति र ज्ञान अर्कै थियो । उनी संसारमा मानिसमा दुःख किन हुन्छ ? मानिस किन बुढो हुन्छ ? मानिसको मृत्यु किन हुन्छ ? जस्ता सोचहरूको जागरण भएर त्यसको समाधान खोज्ने बाटोका बारेमा ध्यान मग्न हुन्थे । यी प्रश्नहरूको उत्तर खोज्नको लागि २९ वर्षको उमेरमा राज्य, धन दौलत, छोरा र श्रीमती सहित गृहस्थी त्याग गरी मध्यमार्गी जीवनशैली अपनाएर मुक्तिको मार्ग खोज्न हिँडे । त्यसै क्रममा पाएको ज्ञानलाई चार आर्य सत्य र आठ अङ्ग भएको मार्ग मानिन्छ (मानन्धर, सन् २०१९ अप्रिल १) । यसरी हिँडेपछि विभिन्न ठाउँमा सबैले अपनाउन सक्ने मध्यममार्गी ज्ञानको बाटो अपनाएर धर्म उपदेश दिँदै हिँडे पछि समयक्रममा विकसित दर्शनलाई नै बौद्ध धर्म भनिन्छ । त्यसभित्र विशेषतः चारवटा सिद्धान्तहरू रहेका छन् । ती हुन् (१) ईश्वरलाई नमान्नु, (२) आत्मालाई नित्य नमान्नु, (३) ग्रन्थलाई स्वतः

प्रमाण नमान्नु, (४) जीवन प्रवाहलाई यसै शरीरमा परिमित मान्नु भनेर भनिएको छ। पछि गएर यो धर्म नै बौद्ध धर्म भएर विश्वभरि प्रचार प्रसार भयो (मानन्धर, १ अप्रिल २०१९)। बौद्ध धर्ममा मध्यमार्गी ज्ञानको बाटो भएकाले यो धर्ममा आस्था राख्नेहरूको सङ्ख्या बढ्दै गएर विश्वभरि फैलिएको थियो होला भन्न सकिन्छ।

इसा पूर्व छैटौँ शताब्दीमा धार्मिक आन्दोलन प्रबल रूपमा चलेको कुरा पाली लिपिमा सङ्कलितबौद्ध धर्मग्रन्थ तथा त्यसको सिद्धान्तमा भेटिन्छ। पाली साहित्य वैदिक ग्रन्थ पछिको सबैभन्दा प्राचीन रचनाको कोटीमा पर्दछ। बौद्ध धर्म ज्ञानको लागि यो धर्मको त्रिरत्न बौद्ध धर्म तथा त्यसको सङ्घको अध्ययन गर्न आवश्यक पर्दछ। जसमा म बुद्धको शरणमा जान्छु, धर्मको शरणमा जान्छु, सङ्घको शरणमा जान्छु भनेर प्रर्थना गर्दै मलाई अनुग्रह गरेर शील प्रदान गर्नुहोस् भनिएको छ (माहास्थविर, सन् २००३: १-३)। यस किसिमका ज्ञानहरू बुझ्नको लागि पनि शिक्षाको आवश्यकता पर्दछ। शिक्षाले मनुष्यको मानसिक तथा बौद्धिक शक्तिको विकास गरी जीवनको वास्तविकता पत्ता लगाउँदछ र भौतिक जगतको पनि विस्तार र विकास गरेको हुन्छ।

विश्वमा जति इतिहास लेखिएका छन् ती सबै पुरुषहरूका बारेमा, पुरुषका कामको बारेमा लेखिएका छन्। ती पुरुषहरूको इतिहासमा कति नारीहरूको भूमिकाहरू थिए भन्ने चर्चा नगरी नलेखिकन पुरुषहरूको मात्र भूमिकाको इतिहास लेखेको पाइन्छ। विश्व समाजदेखि भारत हुँदै नेपालमा नारीहरू जहाँ पनि दबिएको, थिचिएको र तल्लो स्तरको भएको पाइन्छ। विश्व इतिहासको विकास र त्यसको रचनामा नारीहरूलाई सहयोगी र समान मान्नुको सट्टा पुरुषहरूले नारीहरूलाई उल्टै बाधक वस्तुको रूपमा तुच्छ वस्तुको रूपमा देखाउने गरेको छ। पुरुषप्रधान समाजमा उनीहरूलाई यो स्वीकार गर्न कठिन अनुभव हुन्छ कि नारीहरू पनि पुरुषहरूले जस्तै माया, ममता, प्रेम, पीडासँगै विकास र क्षयको सिकार हुन सक्दछन्। त्यसकारण नारी र पुरुषको समानताको आधारमा राख्नको लागि एउटा यस्तो मानकको खाँचोको आवश्यकता छ जसमा कुनै एक लिङ्गलाई केन्द्रमा राखेर दोस्रो लिङ्गलाई किनारा लगाउने काम नगरियोस्। यी दुवैमा समान स्वरूपका मानवीय गुणहरू विद्यमान छन् (सिंघल, २०१९ जनवरी: ७००)। यही मान्यता अनुसार प्रत्येक समाजमा आधारित लिङ्गमा आधारित भूमिका र मान्यता दिएर नारी, पुरुषका बिचमा जति भिन्नता देखाइएको छ त्यस किसिमको धेरै जैविक भिन्नता पाइँदैन। नारी र पुरुषको बिचको भिन्नता भनेको पुरुषहरूले वंश प्रशारण गर्ने र नारीले त्यस विजको पालनपोषण गरी त्यसलाई जन्माएर एउटा योग्य नागरिकको जन्म दिने काम गर्नु मात्र भिन्न हो। अन्य सबै कुराहरू नारी पुरुषमा समान छन्, आवश्यकता समान छन्, रुचि समान, चाहना समान छन्। त्यसैले नारी र पुरुष पनि समान नै हुन्।

वैदिक कालमा नारीहरू: नारीहरूको लागि वैदिक काल उन्नत सुरक्षित र सम्मानित थियो। समाजमा नारीको स्थान सम्मानित थियो र परिवारमा पनि महत्वपूर्ण भूमिका रहेको पाइन्छ। वैदिक कालमा प्रत्येक नारीहरूलाई बर चुन्ने अधिकार थियो। कन्याको विवाह उमेर पुगेपछि गरिन्थ्यो, अविवाहित स्त्रीले बाबुको अंशको एक हिस्सा पाउँदथे, विवाहित स्त्रीहरूले आफ्नो घरको, परिवारको, पशुपन्छि, नोकर चाकरको राम्रो तरिकाले व्यवस्थापन गर्दथे। त्यसैले हिन्दु नारीहरू सबैभन्दा पहिल्यैदेखि आजसम्म पनि प्रसिद्ध रहेको पाइन्छ (चन्द, सन् १९६६: ७०-७३)। नारीहरूलाई अर्धाङ्गिनी भनिन्थ्यो र नारीहरूको उपस्थिति बिना पुरुषहरूले एक्लै कुनै कार्य गर्दैनथे। नारी बिनाको धार्मिक कार्य अधुरो हुन्थ्यो (www.dspmuranchi.ac.in)। उदाहरणको रूपमा रामले यज्ञ गर्दा सीताको अनुपस्थितिमा सीताको सुनको प्रतिमूर्ति बनाएर अश्वमेध यज्ञ गरेकोप्रसङ्गलाई लिन सकिन्छ, यो पनि नारीको सम्मान हो। ऋग्वेदमा दम्पति शब्दको प्रयोग भएको पाइन्छ। यहाँ (दम-पति) दम्पति भनेको पत्नी–पति यसमा पनि पत्निको नाम पछि पति सम्बोधन भएकाले नारीको स्थान माथि राखेको अनुमान लगाउन सकिन्छ।

वैदिक कालमा नारीहरू सैद्धान्तिक रूपमा पनि पुरुषहरू समान भएको पाइन्छ। नारीहरूका लागि शिक्षा दिने व्यवस्था उच्च किसिमले गरिएको हुन्थ्यो। नारी पुरुषका बिचमा कुनै भेदभाव हुँदैनथ्यो। शिक्षा प्राप्त गरेका नारीहरू बुद्धि एवं ज्ञानमा अग्रणी थिए। पुरुषसरहको शिक्षाको अवसर दिएर नारीको उपनयन संस्कार गर्ने परम्परा थियो, नारीहरू पुरुषसरह ब्रह्माचार्य पालन गर्दै विभिन्न विषयको अध्ययन गर्ने, विभिन्न किसिमका यज्ञ उत्पन्न गर्ने, वेद अध्ययनको अधिकार पाएर ऋग्वेदका ऋचा गान गर्ने पाठ गर्ने, यज्ञ र शिक्षामा पुरुषसरह काम गरी त्यस बेलाको समाजमा आफ्नो स्थान उच्च राख्न समर्थवान थिए (गहलौत, सन् २०१५: anubooks.com)। यसरी वैदिक कालमा नारीहरूले शिक्षा प्राप्त गर्दै जाँदा इच्छा जागृत भएर दर्शन जस्ता गम्भीर विषयहरू पढेर पारङ्गत हुने गर्थे। यसरी नै यज्ञवल्क्यकी पत्नी मैत्रेयी विख्यात दार्शनिक बनेकी थिइन्। उनको रुचि संसारिक वस्तुमा नभएर दर्शन शास्त्रमा थियो। दर्शन शास्त्रमा व्यस्त रहिरहने उनले आफ्नो सम्पति दासीकी पत्नीलाई दिएर आफू ज्ञान प्राप्तिको मार्गमा जान अनुरोध गरेकी थिइन्।

वैदिक कालका नारीहरूलाई दुई वर्गमा राखेर हेर्न सकिन्छ। शधोबधू- यस्ता नारीहरू विवाह पूर्व केही ज्ञान आर्जन गर्ने, वेदका मन्त्रहरू, यज्ञिक ज्ञानहरू प्राप्त गरी घर गृहस्थिमा लाग्दथे भने ब्रह्मवादीनी नारीहरू शिक्षा प्राप्त गर्न आफ्नो जीवन अर्पण गदर्थे। जस्तै ऋषि कुशध्वजकी स्त्री वेदवती ब्रह्मवादीनी थिइन्। यस्ता नारीहरू बहुप्रतिभाशाली हुन्थे। उनीहरू ज्ञान बुद्धिमा पारङ्गत भएर मन्त्रहरू सिर्जना गर्ने, दर्शनमा तर्क गर्ने मीमांसा, साहित्य जस्ता विषयका पण्डित बनेका थिए (गहलौत, सन् २०१५)। काशकृत्स्नी नाम गरेकी स्त्रीले मीमांसा विषयमा बहुचर्चित किताब लेखेकी थिइन्। यो किताब विश्व प्रसिद्ध भएको थियो। वैदिक कालमा नारीहरू पुरुषहरूसँगै सहशिक्षा लिन्थे। उदाहरण वाल्मीकि आश्रममा आत्रेयीले लवकुशसँगै शिक्षा लिएकी थिइन्। वैदिक कालमा पर्दा प्रथा थिएन। नारीहरू भय मुक्त भएर हिँड्दथे, पुरुषहरू आफ्नो आचरणभन्दा बाहिर जाँदैनथे त्यसले गर्दा नारीहरू स्वतन्त्र भएर जनतन्त्रीय सभामा भाग लिन्थे। राजनीतिक कार्यमा संलग्न हुने, परिवारको नेतृत्व गर्दै आफ्नो विचार व्यक्त गर्ने र त्यहाँ हुने बहसमा सहभागी बन्दथे (अधिकारी, २०७३ असोज २२)। यसरी हेर्दा वैदिक कालमा नारीहरूको स्थान उच्च रहेकाले नै ज्ञान प्राप्त गर्न घर गृहस्थी चलाउन, व्यवसाय गर्न र परिआएमा यज्ञ सम्पन्न गर्ने र युद्ध गरेर आफ्नो सामर्थ्य उजागर गरेका उदाहरणहरू पाइन्छन्।

पौराणिक कालको रचना विष्णुपुराण अनुसार एकजना देवदुतले भगवानसँग सोधे यो नारीको आँखामा किन सधैभरि आँसु, पीडा र दुःख हुन्छ ? त्यसको उत्तरमा भगवान्ले उत्तर दिँदै भने– जब नारीहरूले आँसु बहाएर पीडा व्यक्त गर्दछन् त्यसपछि उनीहरूलाई शक्ति प्राप्त हुन्छ, दुःख सहन गर्ने क्षमता प्राप्त हुन्छ। यो नारीको आँसुमा तागत र शक्ति छ त्यसकारण नारीहरू महान् छन्। उनीहरूको रचनाले यो संसार चलेको छ। नारीहरूमा त्यो गुण छ जुन पुरुषमा हुँदैन। नारीहरू आमा, बहिनी, छोरी, बुहारी बन्दछन् त्यसैले सम्पूर्णतामा नारीहरू पूर्ण छन्।

वैदिक कालपछि उत्तर वैदिक काल (Postured period) मा नारीहरूको अवस्था वैदिक कालमा जस्तै सम्मानजनक रहन सकेन। उत्तरवैदिक काल ६०० देखि इ.पू. ३०० वर्षसम्म मानिएको छ। उत्तरवैदिक कालमा पनि केही नारीहरू ब्रह्माचर्यमा बसेर शिक्षा प्राप्त गर्दै थिए। यस बेलामा नारीहरू ललितकलामा पारङ्गत भएका थिए। उत्तरवैदिक कालको उत्तरार्धतिर महाभारत कालसम्ममा यसका अवशेषहरू बाँकी रहेको थियो। पाँच पाण्डवकी आमा कुन्ति अथर्व वेदमा पारङ्गत थिइन् तर त्यो समय आउँदासम्म यज्ञमा नारीहरूलाई भागलिनबाट बन्चित र स्वतन्त्रतामा अंकुश लगाइएको थियो। महाभारतको पात्र भीष्मको धारणा यस्तो भएको पाइन्छ– स्त्रीहरू स्वभावगत आफ्नो चाहनालाई दबाउन सक्दैनन् त्यसकारण स्त्रीहरूमाथि पुरुषको नियन्त्रण चाहिन्छ (गहलौत, सन् २०१५)। यसरी उत्तर वैदिक कालबाट नारीहरूको अवनति भएको देखिन्छ। त्यसबेलाका शक्ति सम्पन्न राष्ट्रका शासकहरूले त्यसो भनेपछि नारीको स्थितिमा सुधारको आशा राख्ने सम्भावना रहने कुरो

भएन भन्न सकिन्छ ।यसप्रकार उत्तर वैदिक काल सुरु भएपछि नारीहरूको स्थिति खस्कन थाल्यो । त्यसपछि पुरुषहरूले पितृसत्ता स्थापना गर्दै नारीहरूलाई वेद पढ्न बन्द गर्ने, विधवा विवाहको सुरुवातसँगै पुनर्विवाह निषेध गरेर पतिपरमेश्वरको भावनाको विजारोपण गर्ने काम गरेका थिए ।

उत्तर वैदिक कालपछि धर्मशास्त्र कालको सुरुवात भयो । यो तेस्रो शताब्दीदेखि ११ औँ शताब्दीको पूर्वार्धसम्मको समयमा भनिन्छ । यो कालमा नारीहरू माथि विभिन्न बन्धन खडा गरी, धर्म आचरणलाई शुद्धतासँग जोडेर नारीहरूको अपमान गर्ने परम्पराको विकास भयो । समाजले एक सामाजिक ढाँचाको माध्यमबाट नारीहरूलाई सुरक्षाको नाममा नियन्त्रण आवश्यक ठाने । पितृसत्तात्मक सामाजिक संरचनाले पुरुषलाई उत्तम र नारीलाई निम्न बनायो, उसले आफ्नो हातमा लाठी राखेर मनमर्जि गर्न थाल्यो । पितृसत्तात्मक प्रणालीमा ब्राह्मणहरूले कर्मकाण्डीय कार्यको थालनी गरेर नारीको स्वतन्त्र अस्तित्व समाप्त गरिदियो (सत्यमेभ जयते पहिलो शृङ्खला (इपिसोड) । त्यसमा नारीहरूको शरीरको स्वामित्व पुरुषको हुने मनुस्मृतिलाई आधार मानेर वैदिक नियमको तिलान्जली दिएर नारीलाई सामाजिक र धार्मिक संकिर्ण विचारधाराको शिकार बनायो (www.dspmutnachi.ac.in) । मनुस्मृतिले पति–पत्नीको देवता हो, विवाह नारीको एकमात्र संस्कार हो भन्ने विचारको जन्म गरायो । जसमा छोरीको जन्म अनिच्छित र दुर्भाग्यपूर्ण भनियो । बहु पत्नीप्रथा सुरु, वेश्यावृत्तिको बढावा गराएर नारीहरूलाई तल्लो दर्जामा पुर्याउने सामाजिक कुरीति भारत वर्षका राज्यहरूमा सामाजिक आर्थिक जीवनका अभिन्न अङ्गहरू बनेका थिए (प्रसाद, सन् २०११) । जसले गर्दा तत्कालीन समाजमा नारीको स्थिति राम्रो भएको पाइँदैन । पतिको सेवा नै परम कर्तव्य हो, सम्पतिमा पुरुषको एकाधिकार, पतिप्रति परिवारप्रति समर्पित नारीहरू नै समाजमा पूजनीय हुने गर्थे । यसरी नारीहरूको स्वतन्त्रता खोसेर पुरुषहरूले पितृसत्तात्मक शासन प्रणालीको विकास गरेका थिए ।

बुद्धको समयमा आउँदा त्यस बेलाको सामाजिक अवस्था एकदमै अस्तव्यस्त भएको पाइन्छ । समाज पितृसत्तात्मक नै थियो । समाजमा विभिन्न धर्म र वर्णमा विभाजित थियो । समाज विभिन्न जातजातिमा विभाजित भएकाले समाजमा धनीहरू एकदमै धनी र गरीबहरू एकदमै गरीब थिए । गरीबहरू भोकको ज्वाला शान्त गर्न धनीकहाँ दासदासी बन्ने र माग्ने गर्दथे भने तिनलाई खालिहात नपठाउने धनाढ्यहरू पनि थुप्रै थिए । त्यसबेला आम्रपाली गणीकाको नृत्यबाट प्रभावित भएका सेठको आग्रहमा शालवती नाम गरेकी कन्यालाई वेश्या (गणीका) बनाउन राजा विम्विसारसँग आज्ञा मागेर दरबारमा ल्याएका थिए (उपध्याय, सन् १९४६: १९-२०) । धनी सेठहरूले राजालाई नै प्रभावित पारेर विभिन्न कामहरू गर्दथे, धनीहरूकै बोलवाला शोषणले त्यस बेलाको समाज विकृति तर्फउन्मुख भएको देखिन्छ । यसले गर्दा समाजमा गरीब नारीहरूको स्थिति राम्रो नभएको अनुमान गर्न सकिन्छ । बौद्ध कालमा कृषि र व्यापारको व्यवस्था एकदम राम्रो थियो । मुख्य व्यवसाय कृषि नै भएकाले बुद्धको समयमा मगधका राजा विम्विसार, कोशल राजा प्रसेनजित, कौशम्विका राजा उदयन तथा उज्जैनी राजा चण्डप्रद्योत शक्तिशाली राजाहरू थिए । यिनीहरू एक अर्कालाई प्रभावित पार्न चाहन्थे । उदयनको दरबारमा पाँच सय नारीहरू थिए । यी राजाहरूको सहायताले नै बौद्ध धर्मको प्रचार प्रसार भएको पाइन्छ । क्षत्रीहरूको अलावा ब्रह्मणहरू पनि धनाढ्य थिए । क्षेत्रीहरूको ऐश्वर्य देखेर ब्राह्मणहरू पनि भोगविलासमा सामेल भएका थिए । दरबारमा राजाहरू धनाढ्यहरूलाई राख्ने गर्दथे, दरबारमा यिनीहरूको बोलवाला चल्दथ्यो, यस्तै धनाढ्यमध्ये धनन्जयले (कोशल राज्यको) छोरी विशाखाको बिहेमा नौ करोडको आभूषण, ४५ सय गढा, ५ सय दासी र ५ सय रथ दिएका थिए (उपाध्याय, सन् १९४६: २१) । यस प्रकार धनीहरूले राजालाई प्रभावित पार्ने आफ्नो कामहरू गर्ने गराउने कार्यले गर्दा उच्च वर्गका नारीहरूको स्थिति राम्रो नै भएको तर पनि दरबारमा उनीहरू पुरुषहरूद्वारा दमित नै हुन्थे भने निम्न वर्गका नारीहरूको स्थिति दमित अवस्थामा भएको देखिन्छ । ब्राह्मणहरू समाजका आध्यात्मिक नेता थिए । उनीहरू आफ्नो आचरण, सदाचार, तपस्यालाई सर्वश्व मान्दथे । कति त्यागी ब्राह्मणहरू पनि थिए । उनीहरूको समाजमा कदर हुँदैनथ्यो । जीवनको चरम लक्ष्य प्राप्त गर्न र समाजको कल्याणका लागि उनीहरू कटिबद्ध थिएनन् । समयक्रमसँगै

ब्राह्मणहरूमा स्वअध्ययन गर्ने कार्यमा शिथिलता आयो र आध्यात्मिक व्यक्तिहरूको नकारात्मक भावनाले समाज उच्छ्रिङ्खलता तर्फबढ्न गएको थियो । बुद्धकालीन समयमा नारीहरूको अवस्था, तत्कालीन समाजको चेतनाको स्तर, शासकहरूले शासन गर्ने प्रवृत्ति, वैदिक धर्मले छाडेको अवस्था र बौद्ध धर्मले बामे सर्न लागेको अवस्थाले गर्दा समाज सङ्क्रमण कालमा थियो । बौद्धधर्मले नारीहरू माथि लिएको सकारात्मक सोच, नारीलाई दिएको स्थान र त्यहाँ भित्र भएका आदर्शवादी कुराहरूलाई संक्षेपमा यहाँ हेर्ने प्रयास गरिएको छ । बुद्धले समाजमा भएको विषमतालाई हेरेर त्यसलाई हटाउने नयाँ बाटो अपनाएका थिए । बुद्धलाई विश्वास थियो कि जनताको दुःख निवारण गर्न सक्दछु भनेर (चिमणकर, सन् २०२० फेब्रुअरी १६) । पितृसत्तात्मक समाजले नारीहरूलाई शिक्षा, सम्पति र धर्ममा कुनै अधिकार दिएको थिएन । यसैको आधारमा बौद्धकालीन समाजमा पनि नारीहरूलाई हिनत्वको मानक मान्दथे । पुरुषहरू मात्र शुर, वीर, पण्डित बन्न सक्दछन्, त्यसै गरी बोधि प्राप्त गर्न सक्दछन्, अनि परमिताको अभ्यास गर्न सक्दछन् (उपाध्याय, सन् १९४६: २४) भनिएको छ ।

बुद्धले आफ्ना अनुयायीहरूलाई, गृहस्थिहरूलाई आफ्नो मित्र सम्झनु उसमाथि विश्वास गर्नु पनि भनेका थिए । यसरी हेर्दा खेरी नारीहरूलाई बुद्धले एक किसिमले टाढा राखेर समाजमा हुने पौरिषीय स्वभावबाट विकृति नआओस् भनेर भन्न खोजेको हुन सक्दछ । अर्को तर्फमानवीय स्वभावले एक अर्कामा आकर्षित हुनबाट टाढा राख्नको लागि हुन सक्दछ भन्न सकिन्छ । त्यसैले नारीहरूले दिक्षा लिन नसक्ने, प्रबज्जित हुन नसक्ने कारण त्यसबेलाको समाज पितृसत्तात्मक सोचको विकास बुद्धमा पनि परेकाले होला भन्न सकिन्छ ।

बौद्धकाल भनेको गणतन्त्रात्मक कालदेखि राजतन्त्रात्मक समाजमा परिवर्तन भएर जाँदै गरेको काल हो । राजतन्त्रको जड जसरी फैलियो पितृसत्ताको जड पनि अझ मजबुत भएर अघि बढिरहेको थियो । पितृसत्तात्मक समाज नारीहरूलाई नियन्त्रण गर्नु आवश्यक मान्दथ्यो । पितृसत्ताले एक सामाजिक ढाँचाको माध्यमबाट नारीहरूलाई नियन्त्रण गर्दै वेश्यावृत्तिलाई मान्यता दिएको थियो । बुद्धले समाजको यो अवस्थालाई राम्रोसँग बुझेका थिए र उनी पितृसत्ताबाट अलग हुन पनि सक्दैनथे त्यसैले बुद्धले सङ्घको स्थापना गरेर पनि त्यसमा नारीहरूलाई प्रवेश दिएनन् । बुद्धका काकाका छोरा आनन्दले नारीहरूलाई सङ्घमा प्रवेश दिनको लागि बुद्धलाई बाटो देखाएका थिए । उनले नारीहरूले कोसिस गरे भने निवार्ण प्राप्त गर्न किन सक्दैनन् ? भन्दै सोधेको प्रश्नमा सकारात्मक जवाफ दिएका बुद्धले गर्न सक्दछ भनेका थिए । नारीहरूलाई सङ्घमा प्रवेश गर्न दिनको लागि पटक पटक बुद्धकी सानी आमा (पालनपोषण गर्ने आमा) प्रजापति गौतमीले पनि बाध्य पारेकी थिइन् (बुद्धका स्त्री विमर्श) । उनी जहाँ बुद्ध जान्छन् त्यही कपाल खौरिएर काषाय वस्त्र धारण गरेर वैशालीमा बुद्ध भएको ठाउँमा जान्थीन तर पनि उनले त्यहाँ स्त्रीलाई प्रबज्या दिन इन्कार गरेका थिए । आनन्दले तर्क गरेर नारीहरू पनि आचरणमा सुद्धि गरेर भिक्षुणी बन्न सक्दछन् भने पछि मात्र प्रबज्जित हुने अधिकार दिएका थिए । बुद्धको आमाप्रति उच्च सद्भाव थियो । उनी आमालाई उच्च स्थानमा राख्दथे । पछि आमा र पत्नीको सल्लाहमा उनले नारीहरूलाई सङ्घमा प्रवेश गर्ने अधिकार दिएका थिए (शास्त्री, सन् १९५८: १८) । बौद्ध धर्म प्रार्दुभावको समय नारीहरूका लागि अनुकूल थिएन तर केही बन्देजहरू रहँदा रहँदै नारीहरूलाई सम्मानजनक ठाउँमा राखेको भने पाइन्छ ।

बुद्धको सानी आमा प्रजापति गौतमीले बुद्ध सङ्घमा जाने अनुमति पाएपछि धनी घरानाका रानीहरूलाई मात्र नभएर वेश्या, गरीब, दासी र विभिन्न जातजातिका करीब ५०० नारीहरू भिक्षुनी बनेर सङ्घमा आएका थिए (मानन्धर, सन् २०१९, चिमणकर, सन् २०२०) । यसरी रानी प्रजापति गौतमीसँग आउने नारीहरूमा वैशाली राज्य (लावण्य देश) की प्रमुख गणीका (जसलाई वैशालीको सुन्दर प्रतिमा मानिन्थिन) उसको साथमा सात मदन सेवीका, पुष्पादासी, पराक्रमिका रामदासी, मायुर सेना, कावेरीका आदि थिए । यी नारीहरूले समाजमा असमानता भएपछि आचरणमा महत्व दिएर संस्कार, धर्म आचरणको माध्यमबाट समानताको अङ्कुर गराएका थिए । नदेखिने भगवानको रूपमा होइन देखिने मानवको रूप नै भगवान् हो, बौद्ध

धर्ममा नारी पुरुष, जातजातिको दिवार नभएको, शुद्र र नारीमा कोही निसिद्ध छैनन्, बहुजन–हिताय, बहुजन सुखाय धर्मको सूत्र हो भन्दै यो धर्मलाई अघि बढाइएको थियो।

बुद्धले नारीहरूलाई बौद्ध सङ्घको स्थापनाको पाँच वर्षपछि भिक्षुणीहरूको छुट्टै सङ्घको निर्माण गरी आफ्नो छत्रछायामा साधना अभ्यास गराउने काम गरे। यो सङ्घमा बस्ने भिक्षुणी बन्ने नारीहरूले आठवटा गरु धर्मको नियम पालना गर्न पर्ने कडा नियम बनाएर यी कुराहरू पालना गरेपछि मात्र भिक्षुणीको रूपमा स्वीकार गर्ने शर्तहरू राखेका थिए। ती शर्तहरू निम्न प्रकारका थिए।

(१) उपसम्पदाद्वारा सय वर्ष आयु भएकी जेष्ठ भिक्षुणीले पनि कनिष्ठ भिक्षुहरूलाई आदर सम्मान, प्रणाम गर्नु पर्ने वा हर कुरामा सत्कार गर्नु पर्ने।

(२) भिक्षु नभएको (ठाउँमा) गाउँमा भिक्षुणीहरू बस्न नहुने, भिक्षु नभएको ठाउँमा वर्षाबास बिताउन नपाउने।

(३) उपदेश कुन कुन दिन हुन्छ, धर्म उपदेश सुन्न कहिले जाने यी दुई कुरा भिक्षुणीले भिक्षुसँग सोध्नु पर्ने।

(४) वर्षा बास तथा चतुरमास पछि भिक्षु, भिक्षुणी सङ्घको प्रवारण गर्नु पर्ने वा त्यसको दोस बताउन प्रार्थना गर्नु पर्ने।

(५) प्रत्येक आधा महिनामा भिक्षु समक्ष भिक्षुणीले पापको स्वीकार गर्नु पर्ने, यदि त्यसमा भिक्षुणीले आपत्ति जनाएमा पन्ध्र दिन बिहारबाट निकालिने।

(६) दुई वर्षको अध्ययनपछि श्रामणेरीलाई दुवै सङ्घमा उपसम्पदा दिनु पर्ने।

(७) भिक्षुणीले भिक्षुहरूलाई कुनै कारणमा पनि गाली गर्न नपाउने।

(८) भिक्षुणीले आफ्नो कर्तव्य राम्ररी सम्झेर कार्यान्वयन गर्नु पर्ने।

(क) प्रत्येक आधा महिनामा एक पटक मात्र भिक्षा लिनु पर्ने

(ख) भिक्षुहरूदेखि पृथक रहनु पर्ने

(ग) भिक्षुहरूको पथभ्रष्ट भिक्षुणीले नगरुन्

(घ) भिक्षुणीहरू, अपशब्द, क्रोध र पापबाट मुक्त हुनु पर्ने (गहलौत, सन् १९९५)।

बुद्धले आमा प्रजापति गौतमी र आनन्दको आग्रह टार्न नसकि नारीहरूलाई प्रबज्या दिएर सङ्घमा सामेल गरेपछि उनले आनन्दसँग भनेका थिए- नारीहरूलाई प्रब्रज्जित हुने उक्त अधिकार दिएकाले अब यो धर्म पाँच सय वर्षसम्म मात्र स्थिर रहन सक्दछ। नारी प्रवेश नदिएको भए चिरकालसम्म स्थायी हुन्थ्यो भनेका थिए (चौधरी, सन् २०१७: ७९५-७९८)। बौद्ध धर्ममा नारी सम्बन्धी धेरै उद्धरणहरू पाइन्छन्। यति भए तापनि बौद्ध धर्मले मध्यमार्गी बाटो अपनाएकाले होला त्यसबेलामा धेरै स्त्रीहरूको लगाव बौद्ध धर्ममा रहन गएकाले र नारीहरूलाई समाजले, पितृसत्ताले जति रोक्न खोजे पनि उनीहरूको विद्या, धर्म र दर्शनप्रति अगाध रुचि थियो। त्यसैले शिक्षित र विद्वान् बनेका थिए। बौद्ध कालमा ख्याति पाएका थेरीहरूमा शुभा, सुमेधा, अनुपमा जस्ता उच्च घरानाका नारीहरू थिए। यिनीहरूलाई ब्रह्मचारिणी पनि भनिन्थ्यो भने १८ जना विवाहिता नारीहरू पनि थिए। सुभद्रा नाम गरेकी भिक्षुणी बौद्ध धर्म दर्शनको व्याख्या दिनमा प्रख्यात थिइन् (चौधरी, सन् २०१७: ७९५-७९८)। प्रबज्जित भएका नारीहरूलाई भिक्षुणी भनिन्थ्यो र उनीहरू उपसम्पदा भिक्षुहरूको समान नै हुन्थ्यो। यी माथिका कुराहरूलाई हेर्दा बौद्ध कालमा समाजले नारीहरूलाई हेयको दृष्टिले हेर्रे पनि इच्छा शक्ति भएका घरानाका नारीहरू भने शिक्षा लिन र बौद्ध धर्ममा समर्पित भएको देखिन्छ भने मध्यम र निम्न घरानाका नारीहरूलाई भने समाजमा उच्च स्थान दिएको पाइँदैन भन्न सकिन्छ।

बुद्धकालीन समयको इतिहासमा नयाँ नयाँ विचारहरूको विकास भइरहेको थियो । विद्वानहरू नयाँ विचार सिद्धान्तको मार्ग खोजेर समाजलाई व्यवस्थित गर्न चाहन्थे । किनभने वैदिक र उत्तर वैदिक काल समाप्त भएर त्यसका आदर्शहरू मानिसहरूले बिर्सिसकेका भएकाले त्यसको सत्यता र सन्मार्गमा चल्न सक्ने अवस्था थिएन । त्यसैले कतिपय मानिसहरू आध्यात्मिक विषयलाई सन्देहले हेर्दथे भने कति विद्वान्हरू यही विषयभित्र नयाँ सिद्धान्तको खोजिमा लागिरहेका थिए । मनुस्मृति, उपनिषद्को रचना भइसकेकाले जनताहरूको आदर यसप्रति कम भएको थियो । विद्वानहरू बुद्धिवादको बलले नयाँ मार्ग खोजेर त्यसलाई व्यवस्थित गर्न खोजिरहेका थिए (उपाध्याय, सन् १९४६: २५) । राज्यमा नियम कानुन नभएकाले अराजकता ल्याउँदछ ।त्यसै गरी शास्त्रीय नियम नभएकाले दार्सनिक जगतमा पनि अराजकता फैलिएको थियो । प्रत्येक व्यक्ति आफ्नो धारणालाई नै अधिकार सम्झन्थे । त्यसले गर्दा सर्वसाधारण जनताहरू अन्योलमा भएको अवस्था थियो ।

बौद्धकाल प्राचीन भारत वर्षको इतिहासमा गणतन्त्रात्मकदेखि राजतन्त्रात्मक समाजमा परिवर्तन भएर जादै गरेको समय हो । त्यसैले यो कालमा राजतन्त्रको जड यसरी मजबुत बन्यो र त्यसभित्र पितृसत्तात्मक प्रणालीले जरा गाड्यो । पितृसत्तात्मक समाजले एक सामाजिक ढाँचा तयार गरेर नारीहरूलाई नियन्त्रण गर्ने बाटोहरू बनाए । जसमा धर्मको नाममा, सुरक्षाको नाममा, सदाचारको नाममा नियन्त्रण गर्न आवश्यक ठान्दथे । यसो गर्नमा त्यस बेलाका राजाहरूको, सेठहरूको नारीप्रतिको नकारात्मक सोचाइ र कार्यहरू थिए । त्यस समयको बहुपत्नी प्रथा, हरम (वेश्यावृत्ति) आदिले पनि हो भन्न सकिन्छ ।

बुद्धकै समयमा राजा प्रसेनजित (कोशल नरेश) पुत्रीको जन्मको खबर सुनेर धेरै दुःखि भएका थिए । त्यसका बारेमा सम्झाउँदै बुद्धले प्रसेनजितलाई छोरी पनि ज्ञानी गुणी बनेर छोरो भन्दा (राम्रो) गुणी सन्तान बन्न सक्दछन्, कतिपय स्त्रीहरू पुरुषहरू भन्दा श्रेष्ठ छन्, मेधावी छन्, शीलगुण सम्पन्न श्वशुर–सेवक हुन्छन् र पवित्र हुन्छन् भनी चित्त बुझाइदिएका थिए (सिंघल, २०१९: ७०१) । त्यस बेलामा बुद्धले फेरि भनेका थिए– राजन ! स्त्रीहरूले दिशामा विजय प्राप्त गर्नेवाला महाशुरवीर पुत्रको जन्म दिन्छन्, उनीहरूमा दिशा पत्ता लगाउने क्षमता हुन्छ । उस सुयोग्य स्त्रीका पुत्रले नै राज्यमा शासन गर्दछ । यसरी यो कुरालाई हेर्दा खेरी फेरि बुद्धको स्त्रीहरूप्रतिको धारणा राम्रो भएको पनि पाइन्छ (प्रसाद, मे २०१९) । तर त्यस बेलाको पितृसत्तात्मक समाज, त्यसमा राज्य चलाउने शासकहरूको व्यवहारबाट नारीहरूलाई सुरक्षित राख्न पनि भिक्षु सङ्घमा नारीहरूको केही प्रावधानहरू राखिएका होलान भन्न सकिन्छ ।

वैदिक कालमा ब्रह्मवादीनी नारीहरूले वाकदेवी समान भएर परमतत्वसँग तादात्म्यका साथ अनुभूति गर्दै नारीहरूको महिमा साक्षात्कार गर्दथे र उनीहरू भन्दथे जसलाई म चाहन्छु उसलाई परमब्रह्मा, ऋषि र मेधावी बनाउन सक्दछु । जसरी उपनिषद्मा गार्गी र यज्ञबल्क्यको संवाद प्रसिद्ध छन् । त्यस्तै किसिमले बुद्धकालमा पनि धम्मदिन्ना र भद्रकुण्डलकेशा जस्ता भिक्षुणीहरूले सत्य प्राप्त गर्नको लागि पुरुषहरूसँग शास्त्रार्थ गर्दथे । यसै गरी शुक्ला, शैला, शोभा, धम्मदिन्ना, नन्दा, उत्तरा, भद्रकुण्डला, केशा पटाचार, महाप्रजापति गौतमी, पूर्णिका रोहिणी, सुन्दरी, शुभा र सुमेधा नामक शिष्य भिक्षुणीहरू धर्म प्रचारिकाका रूपमा प्रसिद्ध थिए । उनीहरू लोक कल्याणका लागि बुद्ध सन्देश सुनाउँदै हिँड्दथे (उपाध्याय, सन् २०११: ८–९) ।

बौद्ध साहित्यमा थेरीगाथाको चर्चा गरेको पाइन्छ । जसमा नारीहरूले मुक्तिका लागि (भिक्षुणी बन्न) गरेको सङ्घर्षको बयान छ । बुद्धद्वारा निर्मित सङ्घमा प्रब्रज्जित हुने नारीहरूलाई थेरी भनिन्थ्यो । त्यस बेलाको सामाजिक, धार्मिक, सांस्कृतिक र राजनीतिक परिस्थितिलाई हेरेर बनाइएको त्यो पहिलो नारीहरूको दुःख, पीडाको आवाज थियो (सिंह, २९ जनवरी २०१७) । यसमा त्यस बेलामा भएका नारीहरूका पिर, गाथा, नारीहरूलाई पनि सुखको अनुभूति चाहिन्छ, नारीहरूलाई पनि मोक्ष प्राप्त गर्ने आकाङ्क्षा हुन्छ,यो गाथामा पुरुषप्रधान समाजले नारीहरूलाई थिचोमिथो गरेका अधिकारहरू नदिएको कारणले पितृसत्ताबाट,

समाजबाट विरक्त भएका नारीहरूले त्यसबाट मुक्ति पाउनका लागि गरेका प्रतिरोधका श्वरहरू रहेका थिए । साथै तत्कालीन समाजमा नारीहरू कति दुःखि थिए कुन अवस्थामा थिए भन्ने कुराहरू थाहा पाउन सकिन्छ ।

बुद्धको समयमा समाज पितृसत्तात्मक नै भएकाले नारीहरूलाई पितृसत्तात्मक आँखाले हेरेर नारीहरूमा ज्ञान हुँदैन, भावना हुँदैन, उनीहरू पुरुषका वस्तुहरू हुन भनिन्थ्यो । त्यसकारण छोरीको जन्म दुर्भाग्यपूर्ण मानिन्थ्यो । बौद्धकालीन नारीको अवस्था त्यस बेलाका जातक कथाहरूमा भेटिन्छ । यी जातक कथाहरू बुद्धको समयदेखि मौर्यकालसम्म रह्यो । यसका उदाहरणहरू भरहुत, साँची, बोधगयाको वेठटन वेदीको पर्खालमा अझै देख्न सकिन्छ । बुद्धकालमा नारीहरू किन बौद्ध धर्मप्रति आकर्षित भए भन्ने प्रश्न आउन सक्दछ । त्यसको खास कारण बौद्ध धर्ममा जातिपातिको बन्देज थिएन, नारीहरूलाई सङ्घमा प्रवेश दिनु अर्को महत्वपूर्ण कारण हो । पितृसत्ताले नारीहरू माथि गरेको आचरण र व्यवहारले गर्दा नै नारीहरू सङ्घप्रति आकर्षित भएका थिए । बुद्धले धर्ममा सबैलाई आचरणमा बस्ने नियम बनाइदिए र मध्यमार्गी बाटो अपनाएकाले सबै नागरिकले प्रवेश गर्न सक्ने भएपछि पितृसत्ताबाट पीडित भएका दुःखको सागरमा फसेका नारीहरूको ध्यान त्यसतर्फगएको पाइन्छ । यस्ता विविध घटनाहरू थेरीगाथामा उल्लेख छ ।

कोशल देशकी मुक्ता नामक स्त्री घर छाडेर भिक्षुणी बनेकी थिइन् । त्यसबेलामा उनले भनेकी थिइन् आज मैले तीनवटा वस्तुबाट छुटकारा पाए, ती थिए ओखल, मुशल र दुष्ट पति । ब्राह्मण कन्या शुभाको रूप देखेर एक लम्पट पुरुषले उसलाई कमल कोशलाई मात गर्ने वाली, स्वर्ण दृश्य छन्द भएकी तेरा दुई आँखा मादक पदार्थ जस्तो लाग्ने भनी सधै बुद्ध दर्शनमा जान लाग्दा दुःख दिएकाले त्यसबाट छुटकारा पाउन भिक्षुणी बनेकीआदि घटनाहरू पाइन्छन् । यी घटनाहरू त्यस बेलाका प्रतिनिधि घटनाहरू मात्रै हुन् । यस किसिमको पुरुषहरूको हेर्ने दृष्टिकोण, गर्ने व्यवहार र संसारबाट वितृष्णा जागेर विभिन्न नारीहरू भिक्षुणी भएको पाइन्छ (प्रसाद, ५ मे २०११) । यसरी हेर्दा त्यस बेलामा पनि नारीहरूको स्थिति राम्रो भएको मान्न सकिँदैन ।

बौद्ध धर्ममा बुद्धत्व प्राप्त गर्न भिक्षु, भिक्षुणी बन्नको लागि दुःखबाट छुटकारा पाउनका लागि जाति र लिङ्ग भेदले बाधा गर्दैन भनिएको थियो । बुद्धको समयमा खेमा र उप्पलवणा भिक्षुणीहरू अग्रश्राविका बनाइएका थिए (सिंघल, सन् २०१९: ७०३) । त्यस बेलाको पितृसत्तात्मक समाजका विकृतिहरूबाट छुटकारा पाउन धेरै नारीहरू बुद्धका अनुयायी बन्न चाहन्थे । भिक्षुणीसंघको स्थापनापछि यो सङ्घमा धेरै नारीहरू, रानीहरू, राजकुमारीहरू, भद्र परिवारका छोरीहरू विधवा स्त्रीहरू, निसन्तान आमाहरू, निशहाय नारीहरू, वेश्याहरूले आफ्नो महल र छाप्राहरूमा नपाएको आनन्दको अनुभूति पाएका थिए भनिएको पाइन्छ । बुद्धले नारीहरू स्वभावले नै दुर्बल भएका, यिनमा स्वाभाविक गुण भएको र धर्मको बारेमा यो रथले पुरुष र महिला दुवैलाई निर्वाणसम्म पुर्‍याउने काम गर्दछ भनेका थिए (आनन्द भूमि मि. अनु.: १२-१३) । सिंगलवाद सूत्रमा बुद्धले स्वास्नी मानिस पुरुषका सर्वोत्तम मित्र भनेका छन् । बुद्धको समयमा मगध, कोशल र कौशाम्वि राज्यका राजाहरूले कतिपय सेठहरूले बौद्ध धर्म प्रचारको लागि सहयोग गरेका थिए भन्ने त्यसमा पनि बौद्ध धर्म प्रचारको लागि नारीहरूले नै सबैभन्दा धेरै आर्थिक सहयोग गरेका थिए (शास्त्री, सन् १९५८ अगस्ट) । बौद्ध धर्मको समयमा नारीहरूको अवस्था एकदमै सोचनीय थियो, नारीहरूको समाजमा कोही स्थान थिएन तापनि बुद्धले केही प्रावधानहरू राखेर भए पनि बौद्ध धर्ममा जान सक्ने वातावरण बनाए तर यसमा सामान्य नारीहरूको प्रवेश त्यति सरल भने नभएको पाइन्छ । त्यस बेलाको समयमा यतिसम्मको अधिकार दिएर नारीहरूलाई मुक्तिको मार्ग खोल्ने काम गरी केही सहज बनाएको कुरालाई नकार्न सकिँदैन । यो एउटा राम्रो कदम थियो भन्न सकिन्छ ।

**निष्कर्ष**

विश्वको इतिहासमा पौराणिक कालदेखि नै नारीहरूको विशेषता र तिनको गुणहरूको बारेमा थोरै मात्र लेखिएको पाइन्छ । जुन बेलामा मातृसत्ताले संसार चलाएको थियो । त्यस बेलामा नारीहरूको स्थान सम्मानित थियो । मातृसत्ताको अन्त्य

भएर पुरुष सत्ताको विकास भयो । त्यसले स्थापना गरेको सामाजिक व्यवस्थामा नारीहरू तल्लो दर्जाको नागरिकको रूपमा हेर्न थालियो । खासगरी उत्तर वैदिक कालबाट नारीहरूलाई शिक्षाबाट, आर्थिक अधिकारबाट वन्चित गरेर गृह प्रबन्धको परिवार र पतिको रेखदेखमा अधिकार सीमित गरियो । विश्वको रचना र प्रगतिमा नारीको भूमिका सहभागिता पनि थियो भन्ने कुरा बिर्सिएर पुरुषहरूले नारीहरूलाई एउटा बाधक वस्तुको रूपमा खडा गर्ने काम गरे । यसले गर्दा नारीहरू केही अधिकार प्राप्त गर्न पनि सक्दैनथे । किनभने नारीहरूको पहुँच नगन्य वस्तुहरूमा मात्र सीमित थियो । यो स्थिति उत्तर वैदिक कालदेखि बुद्धको समय र त्यसपछि आजसम्म पनि कायमै देखिन्छ । उपनिषद् र आरण्यको समयदेखि नारीहरूलाई वेद पढ्ने र यज्ञ गर्ने अधिकारबाट बन्चित गरियो । त्यसपछि विभिन्न ग्रन्थहरूलाई आधारमा राखेर मनुस्मृतिको रचना गरियो । त्यसले नारीहरूको हरेक किसिमका अधिकारबाट वन्चित गरिए । इसा पूर्व १९० मा यज्ञ कर्ममा पतिको साथमा विभिन्न धार्मिक कार्यहरू गर्ने मात्र अधिकार दिइयो । वैदिक कालको शिक्षा प्राप्त गर्ने, शास्त्रार्थ गर्ने, स्वयंवरा बनेर पति चुन्ने जस्ता अधिकारहरू खोसिए । त्यसभन्दा अगाडि नारीहरूले पाउँदै आएका १६ वटा अधिकार मध्ये एकमात्र विवाह संस्कार गर्ने मात्र अधिकारमा सीमित गरियो । यसरी सबै अधिकारबाट वन्चित गरी गृहस्वामिनी बनाए, पाप र पुण्यका विभिन्न पर्खालहरू बनाएर नारी स्वतन्त्रताको ढोकाहरू बन्द गर्ने काम भएको थियो । पाप लाग्ने संस्कार बनाएर नारीहरूलाई सामाजिक बन्धनमा बाँध्ने काम भयो । बिस्तारै यसलाई सामाजिक संस्कारमा रूपान्तरण गरियो भन्न सकिन्छ ।

गौतम बुद्धको समय आउँदासम्म पनि पुरुषप्रधान समाजको मान्यताले भारत र नेपाली समाजलाई यिनै कुराहरूले सबैतिर ढाकेको थियो । पितृसत्ताले नारीहरूलाई अबलाको सुरक्षाको नाममा बाँधी राखेको थियो । त्यसै बेलादेखि छोरीको जन्म अनिक्षित र दुर्भाग्यपूर्ण मानिन्थ्यो, बहुपत्नी प्रथा, बालविवाह, वेश्यावृत्तिलाई प्रोत्साहन गर्न देशका राजामहाराजादेखि धनाढ्य सेठहरू लालायित र अग्रसर भएर आफ्नो अधिकार जस्तो सम्झन्थे । बौद्धकालीन जातक कथाहरूमा यसप्रकारका प्रवृत्तिहरू भेटिन्छ । यस किसिमका कथाहरूको निर्माण भारतको शुंग कालमा भएको थियो । यस्ता कथाहरूमा नारीहरूको बारेमा तिनका कहानिहरू, अवस्थाहरू, किम्बदन्तिहरू पाइन्छ । जुन बुद्धकाल पूर्वदेखि बुद्धकालसम्म भएको पाइन्छ । यस्ता जातक कथाहरूको निर्माण बुद्ध कालदेखि मौर्यकालसम्म निर्माण भएका थिए । जसमा बुद्धकालीन घटनाहरू, समाजमा प्रचलित नारीहरूका कथा व्यथाहरू, कहानिहरूलाई मिलाएर बनाएको पाइन्छ । जसले बुद्धकालमा नारीहरूको अवस्थाको बारेमा जानकारी लिन सकिन्छ ।

बुद्धले ज्ञान प्राप्तिको लागि पहिले वेद वेदान्तसँगै विभिन्न ब्रह्माण्डहरूसँग छलफल गरी मुक्तिको मार्ग खोज्ने काम गर्दा भोक भोकै बसेर तप साधना गरेर ज्ञान प्राप्ति हुन्छ भनी साधना गरे । त्यसबाट ज्ञान प्राप्ति होला भन्दा एकदमै शरीर क्षिण भएर गयो । यसरी साधनाले मात्र ज्ञान प्राप्ति हुँदोरहेनछ भनी आफ्नो निर्णय सही नभएको निष्कर्ष निकाले । त्यसपछि भोकै बसेर होइन खाना खाएर शरीरलाई दुःख दिनु हुँदैन भन्ने चेतना आएपछि गोठालाको हातबाट दुध खाए त्यसबाट ज्ञान अनुभव प्राप्त गरी सुजाताको हातबाट खिर खाएपछि शरीरको भोक मेटिएपछि उनमा ज्ञान प्राप्तिको आँखा खुलेको थियो । यसरी बुद्धले मध्य रातमा यशोधरालाई छोडेर हिँड्नु, ज्ञान प्राप्त गर्नु अघि शुद्र कन्याको हातबाट खिर खानुको पछाडि पनि बुद्धलाई ज्ञान प्राप्तिको बाटोमा नारीहरूको योगदान रहेको देखिन्छ । यी दृष्टान्तहरूले बुद्धको जीवनमा नारीहरू कमजोरी नभएर सबलता सिर्जना गर्ने सहयोगी साथी भएको प्रमाणित गर्दछ जसलाई बुद्धले पछि गएर मात्र महसुस गरेका थिए ।

**सन्दर्भ सामग्रीहरू**

अधिकारी, शुक्रराज (सन् २०७३ असौज २२). वेदमा नारीको भूमिका (http://annapurnapost. com.news) ।

अधिकारी, दिवाकर (वि.सं. २०६१), *नेपालको इतिहासमा शाक्यहरू र कपिलवस्तु*, रूपन्देहीः दोस्रो बौद्ध अन्तर्राष्ट्रि बौद्ध शिखर सम्मेलन विशेष ।

अमृतानन्द, भिक्षु (सन् १९९९), *सङ्क्षिप्त बुद्ध जीवनी*. लुम्बिनीः अन्तर्राष्ट्रिय बौद्ध समाज ।

आम्वेडकर (क), भीमरावजी (सन् १९५७), *भगवान् बुद्ध और उनका धम्म*, मुम्बइः सिद्धार्थ महाविद्यालय प्रकाशन।

आम्वेडकर, वि.आर. (सन् १९९७), *दि बुद्ध एण्ड हिज धम्म*, मुम्बइः सिद्धार्थ कलेज पब्लिकेशन।

उपाध्याय, भरतसिंह (सन् २०११), *बौद्ध दर्शन तथा अन्य भारतीय दर्शन*, वी.पी. ठाकुर और बंगाल हिन्दी मण्डल।

उपाध्याय, बलदेव (सन् १९४६), *बौद्ध दर्शन*, काशीः सारदा मन्दिर।

गहलौत, कविता रानी (सन् २०१५), *वैदिक एवं बौद्धकालीन नारी शिक्षा*, राजस्थानः सिधनिया।

http://anubook's.com

चन्द, रमेशदत्त (सन् १९६६), *प्राचीन भारतीय सभ्यताका इतिहास*, इलाहवादः इतिहास प्रकाशन संस्थान।

चिमणकर, सुशान्त (२०२० फेब्रुअरी १६), *भगवान् बुद्ध ने महिलाओं को भिक्खु संघ में प्रवेश क्यों दिया*, सिरपुर छत्तिसगढ भारतः अन्तर्राष्ट्रिय बौद्ध परिषद् एवं सांस्कृतिक महोत्सव।

चौधरी, मनोज (सन् २०१७), *बौद्ध दर्शन में स्त्री शिक्षाका अध्ययन*, भारतः इन्टरनेशनल जर्नल अफ एप्लाइड रिसर्च, ३(८)।

झा, अशोककुमार (सन् २०१३ जनवरी ३), *बौद्ध परम्परा ओं में स्त्रीका स्थान*)।

www.hastakshep.com

थेरा, पियादशि (सन् १९८२), *दि बुद्ध हिज लाइफ एण्ड टिचिङ*. श्रीलङ्काः बुद्धिष्ट पब्लिकेशन सोसाइटी केन्द्र।

प्रसाद, राजु रन्जन (सन् २०११ मे ५), *बौद्ध काल में महिलाओं की स्थिति*।

महास्थविर, भिक्षु बिमलानन्द (२००३), *त्रिरत्न बन्दना और बौद्ध शिशु बोध*. लुम्बिनीः भिक्षु बिमलानन्द महास्थविर नेपाल बुद्ध बिहार।

मानन्धर, राजेन (सन् २०१९ अप्रिल १), बौद्ध धर्ममा महिलाको स्थान।

razenmanandhar.mediu. com

सिंघल, रंजना रानी (सन् २०१९). बौद्ध धर्म में स्त्रीयों की भूमिका. भारतः रिसर्चर रिभ्यु जर्नल. भोलम ४. इश्यु १. (janasatta.com)।

सिंह, अल्पना (सन् २०१७ जनवरी २९), इतिहास में गुम एक सङ्घर्ष।

janasatta.com

शास्त्री, चतुरसेन (सन् १९५८ अगष्ट). बौद्ध धर्म में स्त्रीयों का स्थान।

literature.awgp.org